# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


प.सं.०७७/०७८
चलानी नं. १५६९

१ नं. प्रदेश, नेपाल
मितिः-२०७७-१२-३१

विषयः व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गर्ने सम्बन्धमा।

**श्री १२ वटै वडा कार्यालय**
**सिद्धिचरण नगरपालिका, ओखलढुंगा।**

प्रस्तुत विषयमा “व्यक्तिगत घटना दर्ताको महत्व प्रचार प्रसार हुने अभिप्रायले वैशाख १ गतेलाई व्यक्तिगत घटना दर्ता दिवसको रुपमा वैशाख १ गते देखि ७ गते सम्मलाई व्यक्तिगत घटना दर्ता सप्ताह को रुपमा मनाईदै आएको व्यहोरा विद्धितै छ।

नेपाल सरकारले सन् २०२४ (वि.सं. २०८०) सम्ममा जन्म दर्ता शत प्रतिशत पुर्याउने र अन्य व्यक्तिगत घटना दर्तामा उल्लेख्य रुपमा वृद्धि गर्ने अन्तराष्ट्रिय प्रतिवद्धता जाहेर गरेको सन्दर्भमा उक्त प्रतिवद्धता पुरा गराउनको लागि व्यक्तिगत घटना दर्तालाई नागरिकको कर्तव्यको रुपमा स्थापित गराउँदै घटना दर्तालाई व्यापक रुपमा विस्तार गर्ने उद्धेश्यले आगामी २०७८ सालको वैशाख १ गते देखि १६ गतेसम्म राष्ट्रव्यापी रुपमा “व्यक्तिगत घटना दर्ता अभियान” सञ्चालन गर्ने ” भनि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. २००९ मिति २०७७-१२-१८ को पत्रबाट लेखिई आएकोले त्यस वडा क्षेत्रमा २०७८ साल वैशाख १ देखि १६ सम्म तपशिल अनुसार व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गर्ने व्यवस्थाका लागि अनुरोध छ।

तपशिल

१. वडा कार्यालयले नयाँ वर्षको शुभकामना आदानप्रदान, सार्वजनिक तथा औपचारिक कार्यक्रममा व्यक्तिगत घटना दर्ता अभियानबारे सम्बन्धित सबै सरोकारवालाहरुलाई जानकारी गराउने,
२. व्यक्तिगत घटना दर्ता सम्बन्धी वडाले माईकिङ वा अन्य प्रभावकारी सूचनाको माध्यमद्वारा प्रचार प्रसार गर्ने,
३. २०७८ वैशाख १ देखी १६ सम्म वडा कार्यालयबाट व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गर्ने व्यवस्था गर्ने ।

..........................................
निमित्त प्रमुख प्रशासकीय अधिकृत